


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नाम:** राष्ट्रिय बाणिज्य बैंक
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रशारण विभाग**

वर्ष-१२ ।। अङ्क : १५४ ॥ २०७७ असोज ११ गते आइतबार (27th Sep. 2020,Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# संक्रमण फैलिदै गएपछि झापा कारागारमा आइसोलेसन निर्माण



***झापा (प्रस) ।*** झापा कारागारका आठ जना कैदीबन्दीलाई कोरोना संक्रमण देखिएपछि कारागार प्रशासनले आइसोलेसन बनाउने तयारी थालेको छ । कारागारको छतमाथि कोरोना संक्रमित कैदीहरुलाई राख्नका लागि आइसोलेसन बनाउन थालिएको हो । थप कैदीहरुलाई संक्रमण देखिए समस्या हुने भएपछि कारागारभित्रै आइसोलेसन बनाउन थालिएको कारागार प्रमुख राजेन्द्र गौतमले बताए । उनले दुई सयजना अट्ने क्षमताको आइसोलेसन निर्माण गरिने जानकारी दिए । आइसोलेसनका लागि नेपाल रेडक्रस सोसाइटी झापा शाखाले ५० थान त्रिपाल कारागारलाई शनिबार प्रदान गरेको छ । रेडक्रसले प्रदान गरेको त्रिपाल प्रयोग नगरी टीनको छानो भएको आइसनेलेसन बनाउने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । उनले स्रोतको लागि प्रदेश सरकारदेखि लिएर विभिन्न दाताहरुलाई आग्रह गरिएको जानकारी दिए । आम कैदीबन्दीहरुमा संक्रमण फैलिन नदिन आबश्यकता र औचित्य हेरेर कैदीबन्दीहरुको पिसिआर परीक्षण गरिनेसमेत प्रजिअ तिमिल्सिनाले जनाए । संक्रमित कैदीहरुको सम्पर्कमा आएकाहरुको पहिचान गरी कारागारमा ५ दिनपछि कन्ट्याक्ट ट्रेसिङ गरिने जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चोलागाईले बताए ।

झापा कारागारमा रहेका ७ कैदीसहित १० जनालाई शुक्रबार संक्रमण पुष्टि भएको थियो । असोज ५ गते कारागारका १७ जनाको पिसिआर परीक्षण गराउँदा १० जनामा संक्रमण पुष्टि भएको भद्रपुर नगरपालिकाका क्वारेन्टाइन प्रमुख मनोज भट्टराईले बताए । यसअघि असोज ५ गते कारागारका एकजना कैदीलाई संक्रमण देखिएको थियो । उनीहरुको उपचार भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालको कोभिड उपचार केन्द्रमा भइरहेको छ ।

कारागारमा क्षमताभन्दा तेब्बर कैदीबन्दी रहेका छन् । ३५० कैदीबन्दी क्षमता रहेको झापा कारागारमा हाल ८२ महिला र १०६१ पुरुष गरी कैद भुक्तान गरिरहेका र पुर्पक्षका लागि थुनामा राखिएका जम्मा ११४३ जना कैदीबन्दी रहँदै आएका छन् । कारागार प्रमुख गौतमले कैदीबन्दीमा कोरोनासँगै केही मौसमी ज्वरो फैलिएको बताए । ' कोरोना संक्रमितहरुमा लक्षण देखिएको छैन ' उनले भने, ' कोरोनासँगै केहीलाई ज्वरो , रुघाखोकी पनि देखिएको छ ।' कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेको र कोभिड-१९ को संक्रमण भित्रभित्रै फैलिइरहेकाले सरकारले गम्भीर ध्यान दिनुपर्ने कैदीबन्दीहरुले माग राखेका छन् । आइसोलेसनका लागि त्रिपाल सहयोग गर्न गएका रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले कारागारमा कैदी, सुरक्षाकर्मी र कर्मचारीहरुलाई कसरी सुरक्षित पार्ने चिन्ताको बिषय भएको बताए । उनले त्यस विषयमा गम्भीर हुन सरकारको तत्काल ध्यानाकर्षण गराउँदै सहयोगी मनहरुलाई आबश्यक पर्ने स्वास्थ एवं अन्य आबश्यकीय सामग्री सहयोगको लागि अनुरोध गरेका छन् ।

# घुस लिएको आरोपमा दमकका असइसहित ४ प्रहरी निलम्बित

### ६५ हजार रुपैयाँ घुस लिएर ट्याक्टर छाडेको आरोप



***दमक (प्रस) ।*** एकजना असइसहित झापाको दमकबाट ४ जना प्रहरी निलम्बनमा परेका छन् । मल व्यवसायीसँग आर्थिक लेनदेन गरेको भेटिएपछि एक जना असइसहित चारजना प्रहरी निलम्बनमा परेका हुन् । निलम्बित हुनेहरुमा असइ भरत कोइराला, हवल्दार शिवचन्द्र मुखिया, जवान भीमलाल चौधरी र ट्राफिक प्रहरी जवान मनकुमार रुचाल रहेका छन् ।

इलाका प्रहरी कार्यालय दमकका प्रमुख डिएसपी बिजयराज पण्डितका अनुसार गत भदौ २४ गते बिल बिना युरिया मल ल्याउदै गरेको ट्र्याक्टर ताराबारी ढाटमा बसेका प्रहरीले समातेका थिए । तर माथिल्लो तहमा खबरै नगरी भोलिपल्टै छाडेका थिए । पण्डितले प्रहरीको चेन अफ कमाण्ड उल्लंघन गरेका कारण निलम्बनमा राखिएको बताउँदै उनीहरुमाथि छानविन भइरहेको जानकारी दिए । सामान पक्राउ परेपछि माथिल्लो निकायलाई खबर गर्नुपर्नेमा उनीहरुले त्यतिकै छाडिदिएको प्रहरी नायव उपरीक्षक पण्डितले बताए । मल व्यापारीहरुसँग आर्थिक लेनदेन भए-नभएको र के कति भएको भन्ने विषयमा अनुसन्धान भइरहेको उनको भनाइ छ । उनीहरुले ६५ हजार रुपैयाँ घुस लिएर ट्र्याक्टर छाडेको आरोप छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाले घटना भएलगत्तै चारजना प्रहरीलाई निलम्बन गरिएको बताउँदै उनीहरुमाथि छानविन भइरहेको जानकारी दिए ।

**श्री गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक शिक्षालय,** शिवसताक्षी, झापाको

**बिद्यार्थी भर्ना सम्बन्धी सूचना**

झापाको झिलझिलेमा सञ्चालित गणेशमान सिंह अध्ययन प्रतिष्ठान तथा व्यावसायिक शिक्षालय पोलिटेक्निकल कलेजद्वारा शैक्षिक सत्र २०७७/०७८देखि प्राविधिकधारतर्फ तीन वर्षे डिप्लोमा तहको सिभिल इञ्जिनियरिङ, कम्प्युटर इञ्जिनियरिङ र आइटी इञ्जिनियरिङका विषयमा पठनपाठन हुने भएको हुदा सम्पूर्ण अभिभावकज्यूहरुले आफ्ना नानीहरूको विद्यालयमा भर्ना गरी समयमै सिट सुरक्षित राख्नहुन अनुरोध छ ।

**कलेजका विशेषताहरु**

भूकम्प प्रतिरोधात्मक क्षमताका भवन भएको । सुविधा सम्पन्न भौतिक साधन ।
कम्प्युटर ल्याब भएको । अनलाइनको सुबिधा भएको ।
दक्ष तथा तालिम प्राप्त शिक्षक तथा प्राविधिकबाट पठनपाठन हुने ।
कोलाहलरहीत एकान्त तथा खुल्ला वातावरण भएको ।
प्रत्येक कक्षामा ४८ मात्र सिट क्षमता भएको । इन्टरनेट सुविधा भएको ।

**गणेशमान सिंह अध्ययन प्रतिष्ठान, प्राविधिक तथा व्यवसायिक शिक्षालय शिवसताक्षी नगरपालिका वडा नम्बर११, झिलझिले, झापा**

**सम्पर्क नम्बर:** अध्यक्ष: ९८१५९०४४३४ सचिब: ९८४२६२४६९६
कोअडिनेटर: ९८१८८८८६६८ कार्यालय: ०२३४७०२५०
झिलझिले बजारदेखि चार सय मिटर तल । (झिलझिले माध्यमिक विद्यालय)

# झापामा एकैदिन समुदायका ७ संक्रमित

***भद्रपुर (प्रस) ।*** कोरोना संक्रमण समुदायमा फैलिने क्रम झापामा बढ्दै गएको छ । त्यसक्रममा शनिबार समुदायका ७ जनामा संक्रमण पुष्टि भएको छ । संक्रमित हुनेहरुमा दुई महिला र पाँच पुरुष रहेका छन् ।

संक्रमण फैलिने क्रममा कोरोना संक्रमणबाट मृत्यु भएका मृतकको परिवारका दुई सदस्य संक्रमित भएका छन् । गत बुधवार भद्रपुर १० बस्ने ८६ वर्षीय पुरुषको कोरोना संक्रमणका कारण मृत्यु भएको थियो । सोही मृतकको परिवारका दुई सदस्यलाई शनिबार संक्रमण देखिएको हो । मृतकका ५५ बर्षीया बुहारी र २० वर्षीय नातिलाई संक्रमण पुष्टि भएको भद्रपुर नगरपालिकाका स्वास्थ्य शाखाका फोकल पर्सन मनोज भट्टराईले जानकारी दिए । संक्रमित भएका दुवै आमा-छोरालाई उपचारका लागि मेची प्रादेशिक हस्पिटलको कोभिड उपचार केन्द्रमा



लगिएको छ । ५७ जनाको स्वाब संकलन गरी परीक्षणका लागि पठाउँदा दुईजनाको रिपोर्ट पोजिटिभ आएको र बाँकी ५५ जनाको रिपोर्ट आउन बाँकी रहेको फोकल पर्सन भट्टराईले बताए । त्यस्तै बिर्तामोड नगरपालिकामा शनिबार समुदायका तीनजना संक्रमित भएका छन् । असोज १ गते संक्रमण पुष्टि भएका बिर्तामोड ५ का व्यक्तिका ८३ वर्षिया आमालाई शनिबार संक्रमण देखिएको हो । त्यस्तै बिर्तामोड १ का ६० वर्षिय पुरुषलाई पनि संक्रमण देखिएको छ । त्यस्तै भारतबाट फर्केका बिर्तामोड ९ का ३२ वर्षिय पुरुषलाई शनिबार नै संक्रमण पुष्टि भएको हो । त्यसैगरी कनकाई नगरपालिका वडा नं ९ का ४४ वर्षिय पुरुषलाई संक्रमण देखिएको छ । संक्रमित हुनेमा आदर्श माविका कर्मचारी भएको जनाइएको छ । त्यस्तै भारत हैदरावादबाट फर्केका कचनकवल ५ का पुरुषलाई संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

# कंगोमा सैनिक जवानमाथि निर्घात कुटपिट

***झापा (प्रस) ।*** अफ्रिकी मुलुक कंगोमा शान्ति स्थापनार्थ तैनाथ एकजना सैनिक जवानलाई क्याप्टेनले निर्घात कुटपिट गरेको घटनामा जङ्गी अड्डाले छानविन थालेको छ । तीनजना क्याप्टेनहरू (सहसेनानी) इन्द्र थापा, सुवास हुमागाईं र योगेन्द्र धितालले एकजना जवान नवराज माझीलाई निर्घात रुपमा कुटपिट गरेको घटनाको सेनाले 'कोर्ट अफ इन्क्वायरी' बनाएर छानबिन थालेको हो। शान्ति मिसनमा तैनाथ सैनिक जवानलाई तीनजना सहसेनानीले कुटपिट गरेको फोटो सामाजिक सञ्जालमा भाइरल भएपछि उक्त घटना छानबिनका लागि सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जेष्ठ सेनानीको नेतृत्वमा 'कोर्ट अफ इन्क्वायरी' गठन गरेको हो। निर्देशनालयले घटनामा सैनिक मुख्यालयको ध्यानाकर्षण भएको जनाउँदै छानबिन थालिसकेको उल्लेख गरेको छ। निर्देशनालयले जेष्ठ सेनानीको नेतृत्वमा 'कोर्ट अफ इन्क्वायरी' बनाइएको जानकारी दिएको छ। 'सैनिक आचरण र मर्यादाविपरीत भएको घटनामा संलग्न सबै जवान र अधिकृतमाथि जेष्ठ सेनानीको नेतृत्वमा छानबिनको प्रकृया सुरु गरिएको छ', सैनिक प्रवक्ता सन्तोष बल्लभ पौडेलले भनेका छन्। कंगोमा ज्वाला गणबाट खटिएका जवानहरूलाई यही बिहीबार राति तीनजना सहसेनानीले कुटपिट गरेका हुन्।

**आस्था कस्मेटिक एण्ड जेनेरल स्टोर**



कस्मेटिक आइटम
गिफ्ट आइटम
कुर्ता सुरुवालका कपडा तथा अन्य रेडिमेड कपडा
9806018268 I 9852684268
बिर्तामोड भद्रपुर रोड कालिका चोक
एडभान्स सेकुवा कर्नर नजिकै

# अर्जुनधारामा गोरु काट्ने तीन पक्राउ



***बिर्तामोड (प्रस) ।*** झापाको अर्जुनधारा-५ स्थित बैसाबारीबाट गोरु काटेर खाएको आरोपमा तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा २० बर्षीय ईमन दाहाल,२७ बर्षीय वीरबहादुर दनुवार र वर्ष २७ कै टिकाराम दनुवार रहेका छन । आज बिहान ८ बजे उनीहरुले गोरु काटेर खाई गोरुको टाउको र खुट्टाहरू नजिकै रहेको उखुबारीमा गाडेको भन्ने जानकारी पाएलगत्तै प्रहरी चौकी शनिश्चरेको टोली घटनास्थल पुगेको थियो । प्रहरीले घटनामा संलग्नलाई तत्काल नियन्त्रणमा लिईएको ईलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । उनीहरुले गाडेको गोरुको टाउको र खुट्टा समेत फेला पारिएको र पक्राउ परेका तीनै जनाविरुद्ध कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले बताए ।

**भर्ना खुल्यो भर्ना खुल्यो भर्ना खुल्यो**

"प्राविधिक शिक्षा आजको आवश्यकता"

**एस.एल. सी/एस.ई.ई वा सो सरहको परिक्षा उत्तीर्ण भएका ईच्छुक विद्यार्थीहरूको लागि शैक्षिक सत्र २०७७/०७८ का लागि प्रवेश परिक्षाको आवेदन फारम वितरण भैरहेको छ ।**

**प्रविणता प्रमाणपत्र/ डिप्लोमा तह**

३ वर्षे सामान्य चिकित्सा (HA)
३ वर्षे नर्सिङ्ग ( स्टाफ नर्स )



**फाराम भर्ने अन्तिम मिति:**
**२०७७ असोज १५ गते बिहिबारसम्म**
**अनलाईन फारम पनि भर्न सकिनेछ**
**www.amda.org.np**

**अन्य सोधपुछ तथा जानकारीका लागी**



**आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान**
दमक-२, झापा
०२३-५८२१८६ , ५८०१८६ , ९८४२६६६३९९

# घट्दै मेचीपारिका नेपालीको सकस



**भद्रपुर (प्रस) ।** वर्षातमा नेपाल आउन सकस खेपिरहेका भद्रपुर ३ मेचीपारि गाउँका बासिन्दालाई यस वर्षबाट भने आवतजावतमा केही सहजता भएको छ ।

दशकौंको प्रतिक्षापछि मेची नदीमा निर्माण सम्पन्न भएको झोलुङ्गे पुलले आफ्नै देशका गाउँबस्ती आवतजावतमा केही सहजता भएको हो ।

भ्याटसहित तत्कालीन भौतिक योजना तथा पूर्वाधार मन्त्रालयमार्फत २ करोड ८५ लाख ९८ हजार २ सय ५९ रुपैयाँमा २०७२ भदौ ७ गते ठेक्का सम्झौता गरी निर्माण थालिएको पुल निर्माण सम्पन्न हुन ५ वर्ष पर्खनु परेको थियो । २ सय ८० मिटर लाम्बाइ र लठ्ठासहितको दुरी नाप्दा १३ मिटर चौडाइ भएको झोलुङ्गे पुलको निर्माण कार्य १८ महिना अर्थात् २०७३ फागुन ६ गते सम्पन्न हुने गरी काम थालिएको भएपनि निर्माण कम्पनीले तोकिएभन्दा ४ वर्ष पछाडि निर्माण सम्पन्न गरेको हो ।

झापा क्षेत्र ३ बाट निर्वाचित भएका बेला नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले मेची नदीको झोलुङ्गे पुलको निर्माण पहल गरी शिलान्यास गरेका थिए । नेता सिटौलाले २०७२ असोज ११ गते पुलको शिलान्यास गर्दै पुल बनेपछि मेचीपारिका नेपाली बस्तीको दीर्घकालीन समस्या सँधैका लागि समाधान हुने विश्वास व्यक्त गरेका थिए । तर पुल निर्माण भएर सञ्चालनमा आएपछि स्थानीयलाई दुःख विरामी पर्दा पुलको औचित्यमाथि नै प्रश्न उठ्ने अवस्था आएको छ ।

विरामीलाई लिन एम्बुलेन्स आउनु परे पुलको उपयोग हुन सक्दैन । मोटरसाइकल समेत सजिलै वारपार गर्न सक्ने अवस्था छैन । तर पनि भारतीय सीमावर्ती बजारमा निर्भर मेचीपारिका नेपाली जनता झोलुङ्गे पुल बनेपछि आर्थिक विकासको पाटो खुल्दै जानेमा आशावादी छन् ।

बर्खाको तीन महिना भद्रपुर नगरपालिकाको कार्यालय, आफ्नो वडा कार्यालय वा अन्य कुनै सरकारी कार्यालयबाट सेवासुविधा लिनुपर्दा, छोराछोरीलाई विद्यालय तथा कलेज पढ्न पठाउँदा डुंगा चढेर ज्यान जोखिम मोलेर जानु पर्ने बाध्यता भने पूर्ण रूपमा हटेको छ ।

# न्यूनतम पारिश्रमिक लागु नभएको गुनासो

## दोब्बरबढी मूल्य बढ्दा पनि काम गर्ने श्रमिकलाई न्यूनतम ज्याला दिन आनाकानी भइरहेको सम्बद्ध श्रमिकको दुखेसो

**भद्रपुर (प्रस) ।** गत वर्ष यही समयमा हरियो चियापत्ति प्रतिकिलो २० रुपैयाँ र तयारी चिया भारू ८५ मा बिक्री हुने गर्थ्यो । यस वर्ष हरियो चियापत्ती ४५ रूपैयाँ र तयारी चिया दुई सय भारतीय रूपैयाँमा बिक्री भइरहेको छ । दोब्बरबढी मूल्य बढ्दा पनि काम गर्ने श्रमिकलाई न्यूनतम ज्याला दिन आनाकानी भइरहेको सम्बद्ध श्रमिकको दुखेसो छ ।

झापाको प्रमुख नगदेवाली हरियो चियाको मूल्य इतिहासकै उच्च विन्दुमा पुगेको छ । दिनरात पसिना बगाउने मजदुरका ज्याला भने उस्तै छन् । दुई वर्ष अगाडि लागू भएको ज्यालादर अहिले पनि मजदुरले पाउन सकेका छैनन् । पूर्व सहमतिअनुसार ज्याला नपाएको भन्दै झापाका चिया श्रमिकले आफ्ना मागप्रति गम्भीर र जिम्मेवार हुन सरकार र चिया मालिकलाई पटकपटक आग्रह गरेका भएपनि सुनुवाई हुन सकेको छैन । श्रम ऐनअनुसार ०७५ साउनदेखि वृद्धि भएको दैनिक १०७ रुपैयाँ ज्याला केही बगान मालिकले अझै लागु नगरेको श्रमिकहरूको गुनासो छ ।



भद्रपुर ३ स्थित मेची नदीमा निर्मित झोलुङ्गे पुलमा पसिना बगाउँदै चियाको भारी बोकेर आइरहेका सवै श्रमिकको एउटै गुनासो छ– नयाँ ज्यालादर लागु भएकै छैन । दैनिक ४५ किलोसम्म चियाको हरियोपत्ती टिप्ने ती मजदुरले २७ किलोसम्म टिपेवापत २८५ रूपैयाँ पाउने गरेको बताएका छन् । बाँकी चियाको पत्ती वापत प्रतिकेजी २ रूपैयाँसम्म लिने गरेको उनीहरूको भनाइ छ ।

श्रम ऐन २०७४, श्रम नियमावली २०७५ मा उल्लेख भएको पारिश्रमिक, उत्पादन, सञ्चयकोष, सार्वजनिक विदा, बिरामी विदा, घर विदा, प्रसुति विदा, क्रिया विदा, चाडपर्व खर्चलगायत व्यवस्था अझै कार्यान्वयनमा आएको छैन । झापामा सञ्चालित अधिकांस चिया बगान तथा चिया उद्योग सामाजिक सुरक्षाकोषमा सूचीकृत भएका छैनन् भने मजदुरले सामाजिक सुरक्षा महसुस गर्ने अवसर पाएका छैनन् ।

# घरमै पुगेर स्वाब संकलन गर्दै महानगर

**भद्रपुर (प्रस) ।** समुदायस्तरमा कोरोना संक्रमण फैलिएको विराटनगर महानगरपालिकाभित्र जेष्ठ नागरिक र अशक्तहरूको घरमै पुगेर स्वाब संकलन गर्न थालिएको छ ।

हिँडडुल गर्न नसक्ने र दीर्घ रोगीहरूको उपचारमा समस्या हुन थालेपछि कोरोना परीक्षणको लागि शंकास्पद व्यक्तिहरूको घरमा पुगेर विराटनगर महानगरपालिकाको स्वास्थ्यकर्मीहरूको टिमले स्वाब संकलन गर्न थालेको हो ।

महानगरको स्वास्थ्य महाशाखा प्रमुख रमेश कार्की नेतृत्वको टिमले कोरोना परीक्षणको लागि वृद्धा र अशक्तहरूको स्वाब संकलन गर्न थालेको छ । शनिबार १६ जना ज्येष्ठ नागरिक र अशक्तहरूको स्वाब संकलन गरि परीक्षण गर्न प्रदेश जनस्वास्थ्य ल्याबमा पठाएको कार्कीले जानकारी दिए । 'कन्ट्याक्ट ट्रेसिङ र हिँडडुलमा समस्या हुने जेष्ठ नागरिकहरूको अहिले महानगरपालिकाले घरमा पुगेर स्वाब संकलन लिन सुरू गरेको छ,' कार्कीले भने, 'आवश्यकता अनुसार यो क्रममा विराटनगरका सबै वडाभित्र सञ्चालन गरिनेछ ।' आइतबार विराटनगर ३ र १० नम्बर वडामा रहेको मानव सेवा आश्रमका जेष्ठ नागरिकहरूको स्वाब लिने तयारी छ । मानव सेवा आश्रमका तीन जना जेष्ठ नागरिकलाई संक्रमण पुष्टि भइसकेको छ । उनीहरूको कन्ट्याक्ट ट्रेसिङ र आश्रममा रहेका सबै जेष्ठ नागरिकको स्वाब संकलन गरि परीक्षण गर्ने महानगरपालिकाको तयारी गरेको छ । आश्रममा ७६ जना जेष्ठ नागरिक छन् । अहिले विरामी भएर अस्पताल जानेहरूलाई उपचार गर्नुभन्दा अगाडि पिसिआर रिपोर्ट माग्ने गरेका छन् । ज्येष्ठ नागरिक, दीर्घरोगी र अशक्तहरूलाई स्वाब दिन विराटनगरस्थित जैन भवनसम्म पुग्न असहज हुने गर्दछ । उनीहरूको लागि महानगरपालिकाले घरमा पुगेर स्वाब संकलन गर्न थालेको हो । संकलन भएको स्वाब 'इरिक्सा मोवाइल भेन' मा राखेर ल्याबमा पठाइन्छ ।

अहिले महानगरपालिकाले स्वाब संकलन गर्ने जैन भवनमा मेडिकल अधिकृतको नेतृत्वमा दुई टिम बनाएको छ । एउटा टिमले दुई साता स्वाब संकल गरि परीक्षणमा पठाएपछि त्यो टिम क्वारेन्टाइनमा बस्छ भने अर्को टिमले काम गर्छ ।

शुक्रबारसम्म विराटनगर महानगरपालिकाभित्र १ हजार ५ ८४ जनामा कोरोना संक्रमण देखिएको छ । जसमध्ये ५ ८४ जना निको भएर डिस्चार्ज भएको महानगरपालिकाले जनाएको छ ।

# दमकमा बन्यो पौडेल युवा मञ्च




**दमक (प्रस) ।** झापाको दमकमा पौडेल युवाहरुको साझा संस्था पौडेल युवा मञ्च गठन भएको छ । शनिबार दमक- ७ स्थित पौड्याल वंशोद्धार समितिको भवनमा सम्पन्न पौडेल वंशका युवाहरुको पहिलो नगर भेलाले दमक ५ का थरेन पौडेलको अध्यक्षतामा १५ सदस्यीय पौडेल युवा मञ्च दमक नगर समिति सर्वसम्मत चयन गरेको हो ।

युवा मञ्चको उपाध्यक्षमा दमक ९ का दिपेन्द्र पौडेल, सचिवमा दमक ८ का केदारबाबु पौडेल, सहसचिवमा दमक ६ की कविता पौडेल र कोषाध्यक्षमा प्रनिता पौडेल रहेका छन । त्यसैगरी सदस्यहरुमा प्रदिप पौडेल दमक ३, विजय पौडेल दमक ९, अरुण पौडेल दमक ७, खेमराज पौडेल दमक ४, निलम पौडेल दमक १, मोहन पौडेल दमक ९, मनोज पौडेल दमक १० रहेका छन । थप एक जना सदस्य आगामी बैठकले मनोनित गर्ने जनाइएको छ ।सोही भेलाले पौडेल वंशका १६ देखि ४५ बर्ष उमेर समुहका युवाहरुलाई संगठित गर्दै संगठनलाई झापाका अन्य पालिकाहरुमा समेत विस्तार गर्ने तथा आवश्यक सुझाव सल्लाह प्रदान गर्न राम पौडेलको संयोजकत्वमा ५ सदस्यीय सल्लाहकार समिति समेत चयन गरेको छ । समितिका सहसंयोजकमा विष्णु पौडेल, सदस्यहरुमा ज्ञाननाथ पौडेल (ज्ञानु) , गायत्री पौडेल ( सन्तोष) र रेवत पौडेल रहेका छन् ।

भेला आयोजक समितिका संयोजक राम पौडेलको अध्यक्षता र पौडेल वंश महासंघका केन्द्रीय सदस्य युवराज पौडेलको प्रमुख आतिथ्यमा भएको सो भेलाले संगठन सञ्चालन तथा बन्धुहरुको हितका लागि युवाहरुबीच दमकमा दैनिक एक रुपैयाँ सहयोग संकलन गर्ने निर्णय पनि गरेको छ ।

भेलामा प्रमुख अतिथि केन्द्रीय सदस्य पौडेल, विशेष अतिथिहरु दमक उद्योग वाणिज्य संघका कार्य समिति सदस्य गायत्री पौडेल ( सन्तोष) र वाणिज्य संघका निवर्तमान केन्द्रीय सदस्य ज्ञाननाथ पौडेल ( ज्ञानु)ले पनि शुभकामना मन्तव्य राखेका थिए ।

# बिर्तामोडमा माइक्रोको ठक्करबाट पैदलयात्रीको मृत्यु

**बिर्तामोड (प्रस) ।** शुक्रबार राति बिर्तामोडमा माइक्रो बसको ठक्करबाटएकजना पैदलयात्रीको मृत्यु भएको छ ।



मृत्यु हुनेमा पाँचथर याङ्बरक ३ का ५० बर्षीय वृखध्वज काम्बाङ रहेका छन् । राति सवा ९ बजेतिर बिर्तामोड ५ मा बा ४ ख ५१०० नम्बरको माइक्रो बसले पैदलयात्री काम्बाङलाई ठक्कर दिएको थियो । घाइतेलाई उपचारका लागि बिएण्डसी हस्पिटल लाँदालाँदै बाटैमा मृत्यु भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले बताए । ठक्कर दिने माईक्रो र चालक भद्रपुरका बाबुराम कट्टेललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बिर्ता सामुदायिक केन्द्रमा नयाँ नेतृत्व



**बिर्तामोड (प्रस) ।** बिर्ता सामुदायिक प्रहरी सेवा केन्द्र बिर्तामोड ३ को चौथो साधारणसभा तथा दोस्रो अधिवेशन शनिबार सम्पन्न भएको छ । अधिवेशनले नयाँ कार्य समिति चयन गरेको छ । केशवराज पाठकको अध्यक्षतामा गठन भएको समितिको उपाध्यक्षहरुमा वासु माझी , तुलाराम गुरुङ, महासचिव पदम प्रसाई , सचिव कृष्णलाल राजवंशी र कोषाध्यक्षमा जानुका थापामगर रहेका छन् । त्यस्तै सदस्यहरुमा भीमा सुवेदी , पार्वता दाहाल , हेमकुमार कन्दङ्वा , पारस तिम्सिना , राजकुमार राजवंशी , उत्तम तिम्सिना , पृथ्वी न्यौपाने र यादवकुमारी तिम्सिना चयन भएको निर्वाचन समितिले जनाएको छ । धर्मराज माझी संयोजक तथा राम विष्ट र सन्तकुमार श्रेष्ठ सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति बनेको थियो । प्रहरी सामुदायिक सेवा केन्द्रका अध्यक्ष सूर्यप्रसाद कन्दङ्वाको अध्यक्षता तथा संस्थाका सल्लाहकार संयोजक लोकबन्धु कन्दङ्वाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सल्लाहकार सदस्य एवं बिर्तामोड ३ का वडाध्यक्ष भोजराज सिटौला , आदर्श प्रहरी सामुदायिक सेवा केन्द्रका अध्यक्ष पर्शु सिटौलालगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा सदस्य उत्तम तिम्सिनाले प्रगति प्रतिवेदन र कोषाध्यक्ष जानुका थापामगरले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उपाध्यक्ष बासु माझीले स्वागत गरेको कार्यक्रमको संचालन केशवराज पाठकले गरेका थिए ।

गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
प्रदेश नं.१

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७७।०६।०५*

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्यको ठेक्का गर्नकोलागि नागरिक दैनिकको पुर्वेलि पेजमा मिति २०७७।०३।०५ गते प्रकासित सुचना अनुसार हार्ड कपी मार्फत दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्युनतम रकम कबोल गर्ने र सारभुत रुपमा प्रभाबग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पुर्ण निर्माण ब्यबसायी हरुलाई जानकारी गराइन्छ।

| क्र.स. | Contract Identification No. | कामको बिबरण | ब्यवसायिको नाम र ठेगाना | कबोल अंक (मु.अ.करसहित) |
|---|---|---|---|---|
| १ | GM/NCB/B/05/076-077 | Construction of ward level health care center gauradaha ward -4 | Bohora and Brothers-Inaruwa-2 | ४४,४८,०८५।९३ |

खेमराज ओझा
प्रमुख प्रशासकिय अधिकृत

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

# अभिव्यक्ति



❖गोविन्दबहादुर मल्ल "गोठाले"

## बाढी

धनिया चमारको आँखा एकदम विस्फारित भयो। ऊ त्यही विस्फारित नेत्रले अगाडि हेरेको हेर्यै थियो। उसले विश्वासै गर्न सकेको थिएन- ऊ त्यो रमाबाबु उसको मालिक।

रमा चौधरी केही पर पारिपट्टिको बाँसको छेकबारमा टाउको अडाएर घुरिरहेको थियो। धनिया चमार एकदम चकित थियो, उसको मालिक रमाबाबुको यो हविगत ! रमाबाबु पनि शरणागत थियो- धनिया चमारझैँ बाढीपीडित उद्धार शिविरमा।

धनिया अर्को शिविरमा नअटाएर यहाँ आएर बसेको मात्रै थियो, उसले रमाबाबुलाई देखिहाल्यो। यो शिविरमा पनि त्यत्तिकै हूल थियो अटेसमटेस। तर ऊ एक्लो भएकाले ठाउँ पाएको थियो। धनियाले रमाबाबुको आसपास घाँटी तन्काई-तन्काई हेऱ्यो, तर उसले रमाबाबुको परिवारको कोही एकजना पनि देखेन।

अर्को आश्चर्य ! रमाबाबु एक्लो एकदम एक्लो। उनको जहान, परिवार सब गायब। मालिकाइन पनि गायब, छुनमुने केटाकेटी सब गायब। उसका आफ्ना केटाकेटी, स्वास्नी गायब भएजस्तै रमा मालिकको पनि सब गायब। शिविरमा हूलमूल त्यस्तै थियो, खल्लीबल्ली त्यस्तै थियो। तर धनियाले मालिकलाई हेरिरह्यो। उसले अहिले आफ्नो जहानबच्चा एकदम बिर्सेको थियो र मालिकका जहान-परिवारलाई मात्रै सम्भिmरहेको थियो। भुसभुसे दाह्रीजुँगाले छोपेको ओठमा ऱ्याल निकालेर मालिक बेसूध घुरिरहेको थियो। उसले हेरिरह्यो।

निस्पट्ट अँध्यारो रात। घरभित्र पानी, कोठाभित्र पानी, पानी नै पानी, जताततै पानी। धनिया चिच्यायो र चिच्याएको चिच्यायै फुसको घर ढल्यो। चिच्याएको चिच्यायै केटाकेटी, चिच्याएकी स्वास्नी, चिच्याएको आवाज गायब। ऊसले भएभरको बलले पानीमा हातले छ्यापछ्याप्ती गर्दै स्वास्नी, केटाकेटीलाई खोज्यो। ऊ हिँडन खोज्यो, दौड्न खोज्यो। भएभरको बलले आँखा च्याती-च्याती खोज्यो, आँखा च्याती-च्याती स्वास्नी, केटाकेटीलाई खोज्यो। सब बेकाम, निरर्थक। पछि ऊ शिविरमा पुगेको थियो, हूलमूलको एउटा मान्छे भएर। ऊ बसेको थियो र पानी-पानी चारैतिर भएकाले पानी-पानीको सपना देखिरहेको, पछि कसैले उसलाई कोट्याएर उठायो। ऊ उठ्यो, उसको हातमा केही पऱ्यो। खानेकुराजस्तै केही चिज थियो र त्यसलाई उसले एकटक हेरिरहेको थियो।

रमा चौधरी अझै ब्युझेको थिएन। त्यतिका झुत्रेझाम्रे बाढी-पीडितहरूको सुस्ताएको हाहाकारको बीचमा ऊ अझै सुतेर घुरिरहेको थियो। धनियाको आँखा रमा चौधरीको अनुहारबाट हट्न सकेको थिएन। उसको बाबु रमा चौधरीकै घरको हरूवा थियो। ऊ पनि उसैकहाँको हरूवा। उसको बाबुले रमा चौधरीको बाबुसँग कर्जा लिएको थियो। जीवनभरि हरूवाइ गरेर पनि कहिल्यै त्यो कर्जा फर्किएन। ऊ मर्यो।

अहिले त्यो कर्जा धनिया चमारले फर्काउनुपर्छ हरूवाइ गरेर। यसैबीचमा उसले फेरि कर्जा लिएको छ रमासँग। कति लिएको छ त्यो हिसाब गर्न सक्दैन ऊ। मालिक रमाबाबुले जति भन्नुहुन्छ त्यति। उसलाई थाहा छ त्यो कर्जा कहिल्यै फर्किँदैन- जीवनभरि हरूवाइ गरे पनि। तर उसले काम पाएको छ जीवन धान्न। उसका स्वास्नी, केटाकेटीले रमा मालिकको घरमा परिआएको काम गर्छन्, ज्याला पाउँछन् र कहिलेकाहीँ बचेखुचेको कुरा खान पाउँछन्।

बिहान सबेरै गएर हलो जोतेर फर्केपछि उसले जलखाई खान पाउँछ भोको पेटमा। जलखाईमा सधैंजसो भिजाएको काँचै चामल नुनको ढिको र सकेसम्म पिरो खुर्सानी हुन्थ्यो। सधैँजसो पिरो खुर्सानी टोक्थ्यो र जिब्रो पट्काउँथ्यो। रमा मालिकको कति सम्पत्ति छ त्यो धनियालाई थाहा छैन। पहिले धेरै थियो भन्ने उसले सुनेको थियो। दाजुभाइ फट्टिदारको फाँट भएपछि घट्दै गयो र भूमिसुधारपछि उनको भागमा बीस बिघा बाँकी छ। १० बिघाजति मोही लागेको छ र बाँकी आफ्नै जोताइमा छ। त्यही जोताइमा धनिया चमार हल चलाउँछ।

रमा मालिकको पक्की कोठाजस्तै घर छ। घरको सामुन्ने खलिहान छ र खलिहानसँगै दुइटा भकारी छाती फर्काएर ठाडो छ। दुईजोर गोरु (बरद) छ। हलो जोतेर फर्केपछि गोठबाहिर बाँधिएको हुन्छ। नादमा मनग्गे भुसा खाएपछि बाँधिएको बाँधियै भैँमा बस्छन् र एकनाससँग उग्राइरहेका हुन्छन्। दुई-चारवटा गाई र बाच्छा छन्। एउटा ब्याएको भैँसी छ र सधैँ रातो आँखाले घुरेर हेरिरहेको हुन्छ। अहिले खोइ त्यो ? धनिया चमार झसंग झस्क्यो, सजग भयो। खोइ रमा मालिकको त्यो घरद्वार, खेत, खलिहान। सबै बग्यो पानीमा। सबै बगायो पानीले, त्यो गाईवस्तु, बरद, भैँसी सबै पानीमा हरायो। अचानक उसलाई उठेर चिच्याउन मन लाग्यो, यो होइन होइन, हुनै सक्दैन, तर शिविरमा ऊजस्तै यत्रतत्र फैलिएका मानिसका आँखाले भनिरहेको थियो- 'यो हो, यो हो।' पल्लो गाउँको नथुनिया खतवेको आँखाले यही भन्छ। त्यो फेरि अर्को गाउँको रामपुरको मगनिया साहुको अनुहारले यही भन्छ- 'यो हो, यो हो।'

ती गाई, गोरु, भैँसीसँग धनिया चमारको सुखदुःख गाँसिएको छ। लस्ट भएर भुसा उग्राएर आफूजस्तै अर्को जन्म हेरेर बसेको उसलाई लाग्छ। हो, अर्को पनि एउटा हरूवा छ ज्यालादारीमा। त्यो कामचोर- कहिले आउँछ, कहिले आउँदैन। मालिकले त्यसको भर गरेको छैन, खाली उसैको मात्रै भर गरेको छ। ती सबै गाईवस्तु उसैलाई पर्खेर बसेको जस्तो लाग्छ उसलाई। ऊसँगै मात्रै लहसिएको उसलाई लाग्छ। रमा मालिकको घरको अरूले कुटी ख्वाएको धनियालाई चित्त बुझ्दैनथ्यो। ऊ मौकाबेमौका पराल-घाँस नादमा हालिहाल्थ्यो। गाईवस्तुहरू सधैँ उसको अनुहार आशामुखी भएर हेरिरहेको उसलाई लाग्थ्यो। त्यसमध्ये एउटा बैल साह्रै बदमास, चकचके। जति फोहर-फोहर गाली गरे पनि सुनिरहन्थ्यो। जति गाली गरोस्, जति लट्ठीले ठोकोस् बेपर्वाह उफ्रिरहन्थ्यो। फेरि अर्को छ ढिठा हलो जोत्दाजोत्दै थचक्क बस्थ्यो। पछिल्तिर कन्डामा लट्ठी घोचेर जति उठाउन खोजे पनि उठ्दैनथ्यो र जति मुड्की हिर्काए पनि उठ्दैनथ्यो। पटापट जति लाठी बजारे पनि उठ्दैनथ्यो। पछि धनिया चमार पनि थकित भएर त्यही बैलको जिउमा टाउको टेकाएर सुस्ताउँथ्यो र बैलले पनि टाउको फर्काएर उसलाई सुँघ्न खोज्थ्यो। खोइ ती सबै, कहाँ हराए, कहाँ हराए।

रमा चौधरी, रमा मालिकले आँखा पर्लक्क खोल्यो। आँखाले चारैतिरको सबैलाई हेर्यो। धनिया चमारलाई पनि हेर्यो। त्यो आँखाले धनियालाई चिनेन। त्यो आँखाले त्यहाँ बसेका अरू कसैलाई पनि चिनेन। त्यो आँखा भावहीन थियो। त्यो आँखाले सबैलाई बिर्सेको थियो। रमा मालिकको त्यो लथालिंग मानिसको जमघटमा (आँखा) त्यसै परेको मात्रै थियो। त्यो आँखाले आफ्ना हराएका जहानबच्चा छोराछोरी कसैलाई खोजेन। उसले सबैलाई बिर्सेको थियो। धनिया चमार एवं भूमिकामा मालिकनिर जान खोज्यो, तर उठ्न सकेन। ऊ आफैँ सर्मायो। उसलाई आफैँलाई सरम लाग्यो। मालिकको यो हविगत ?

शिविरमा खल्लीबल्ली मच्चियो र त्यो खल्लीबल्लीसँगै धनिया सचेत भयो। लुगा बाँड्ने काम भएको थियो। उसको हातमा पनि एउटा पोका पर्यो। त्यो लुगाको पाकेट थियो। उसले हेर्यो- त्यसमा गन्जी छ, लुंगी छ र ओढ्ने पनि छ। अनायास धनिया खिस्स हाँस्यो। उसले आफूले नयाँ लुगा कहिल्यै किनेको थिएन। उसले कहिलेकाहीँ मालिकको जडाउरी अहँगा मात्रै लगाएको छ। फगुवामा मालिकले किनिदिएको नयाँ छहाते सेतो धोती लगाएको छ। अनायास धनिया चमारको आँखा रमा मालिकमा पर्यो। अर्को आश्चर्य ! रमा मालिकले उसले लिएजस्तै त्यस्तै पाकेट हात थापेर लियो र काखमा राख्यो। धनियाले त्यस्तै विस्फारित नेत्रले हेरिरह्यो।

दैवीप्रकोपको अघिल्तिर नतमस्तक शिविरमा मानिसको श्वासप्रश्वाससमेत सुस्ताइरहेको थियो। एउटा मानिसको व्यथा अर्को मानिसको व्यथामा मिसिएर एकाकार भएको थियो। एउटाको भताभुंग भएको घर बगेर गायब भएको थियो। शिविरमा कोही सुतेका थिए, कोही बिउँझेका थिए र सबैलाई समेटेर शिविर सास फेरिरहेको थियो। धनिया चमार मानौँ त्यो शिविरको सासप्रति एकाग्र भएर मौन थियो। मानौं त्यो शिविरको सासभित्र उसका आफ्ना स्वास्नी, केटाकेटी सबै बिलाए, बेपत्ता भए। उसले आँखाले, आँखा तानीतानी खोज्न पनि छाडिसकेको थियो। ऊ पनि शिविरजस्तै नतमस्तक छ, नियतिको अघिल्तिर मानौँ उसले यी सबै स्वीकारेको छ। शिविरका अरू मानिसझैँ ऊ पनि आँखा चिम्लेर बसिरह्यो।

'थाप, थाप' को आवाज सँगसँगै उसले आँखा खोल्यो। अब खानेकुराको पालो आयो। खानेकुरा बाँड्ने काम भइरहेको थियो। मानौँ धेरै-धेरै दिन भयो उसले केही नखाएको, उसलाई अचानक भोक लाग्यो। उसको पनि पालो आयो हात थाप्ने। प्लास्टिकको झोलामा खानेकुरा थियो। त्यसमा चिउरा थियो, बिस्कुट पनि थियो। उसले त्यो बिस्कुट कहिल्यै किनेर खाने आँट गर्न सकेको थिएन। उसको भोकाएको शिथिल शरीरभित्र एउटा अपूर्व सन्तुष्टि व्याप्त भयो। र खानेकुरा बाँड्ने मानिस सर्दै, बढ्दै गरिरहेको थियो। धनियाको आँखाले फेरि पुलुक्क रमा मालिकलाई हेर्न पुग्यो। बाँड्ने मानिस रमा मालिकनिर पुगिसकेको थियो। रमा मालिकको आँखाजस्तो अघि थियो त्यस्तै थियो, केही नबुझेको, केही नहेरेको। रमा मालिकले पनि हात थाप्यो। धनियाले मालिकले हात थापेको हेरेको हेर्यै भयो।

उसलाई अचानक रमा मालिकको घरको आँगनको झझल्को भयो। त्यस्तै अचानक मालिकाइनको हातबाट खानेकुरा थापेर लिएको झल्झल्को भयो। रमा मालिकले त्यो खानेकुरालाई जतनसँग लिएको उसले देख्यो। त्यो खानेकुरालाई त्यतै जतनसँग पोल्टामा राखेको पनि देख्यो। मालिकले खानेकुरालाई त्यसरी लिएको, त्यसरी राखेको एकै उद्वेगमा धनियाको पोल्टाबाट खानेकुराको झोला खस्यो। त्यही बेगमा पानीको छालले उसलाई छोप्यो। बाढी आयो, बाढी आयो। झुपडी भत्क्यो। उसको जिउको अन्तरकुन्तरमा पानी नै पानी। ऊ रोयो। रोयो। दुइटै घुँडाको बीचमा टाउको घुसाएर रोयो। उसले मालिकाइनलाई सम्झ्यो। मालिकका केटाकेटीलाई सम्भिmयो। उसले आफ्ना छोराछोरीलाई सम्झ्यो। उसले आफ्नी स्वास्नी सम्झ्यो। मानौँ धेरै दिन भयो उसले सबैलाई बिर्सेको, अहिले भर्खर सम्झयो र रोहइरह्यो।

*(गोविन्दबहादुर मल्ल 'गोठाले'को 'बाह्र कथा' बाट।)*

## युट्युबर

❖ सोमराज पोखरेल

'अस्ट्रेलियामा दिउँसो बैङ्कको जागिर खान्थेँ। बिहान-बेलुका घण्टाको ३० डलर पाइने काम पनि गर्थें तर त्यहाँ मन रमाउन सकेन। यी सब छाडेर ड्रोन, तीनवटा क्यामेरा र लाइभ स्ट्रिमका सामग्री बोकेर नेपाल फर्किएँ।'

युट्युबर राजु सुवेदीले आफ्नो युट्युब च्यानल सुरु गर्दाका क्षण सम्झँदै भन्नुभयो, अस्ट्रेलियामा युट्युबले निकै चर्चा बटुलेको देखेँ। अनि नेपालमा पनि युट्युबबाट सूचना सम्प्रेषण गर्न सकिन्छ भन्ने लाग्यो। पत्रकार सुकदेव चापागाईंले टीभी अन्नपूर्ण अनलाइन दर्ता गर्नुभएको रहेछ। सन् २०१२ मा त्यही किनेर 'बाइङ'मार्फत चलाउन थालेँ तर सोचेजस्तो भएन। इन्टरनेटको क्षमता कम थियो। दुई मिनेटको भिडियो अपलोड गर्न दुई घण्टा लाग्थ्यो। पैसाको पनि अभाव भयो। फेरि अस्ट्रेलिया गएँ।'

सुवेदीको रहर त्यसै खेर गयो तर हिम्मत आफ्नै त हो नि।

'अस्ट्रेलियामा केही समय काम गरेँ। २०१४ को अगस्टमा फेरि नेपाल फर्कें। त्यसपछि ठूलो लगानी गरेर 'पेइङ गेस्ट' र 'बाइङ गेस्ट'मा एकैपटक युट्युब च्यानल चलाएँ।' सुवेदी थप्नुहुन्छ, बाइङमा प्रत्यक्ष प्रसारण हुन्छ। एकैपटक पाँच हजार जनाले हेर्छन् तर महिनाको २२ हजार रुपियाँ तिर्नुपर्छ। पहिले त ६५ हजार रुपियाँ तिर्नुपर्थ्यो। यसमा राखेबापत प्रतिलिपि अधिकार लाग्दैन। चौबिसै घण्टा प्रत्यक्ष प्रसारण हुन्छ, टेलिभिजनले गरेजस्तै। पेइङमा भने युट्युबको भिडियो 'भ्यु'अनुसार सिङ्गापुरबाट डलर आम्दानी हुन्छ।

हो त, परिश्रमको फल मीठो हुन्छ। सुवेदी अहिले मासिक दुई सयदेखि सात सय अमेरिकी डलर कमाइ हुने बताउनुहुन्छ। टीभी अन्नपूर्ण डट कममार्फत सूचना विभागमा दर्ता भएरै चलाएका हौँ। टीभी अन्नपूर्णमार्फत भिडियो हाल्छौँ। कोरोना महामारीले आम्दानी घटे पनि दशैँका बेला युट्युबबाट आएको पैसाले साथीहरूलाई बाँड्न पुग्छ भन्नेमा ढुक्क छौँ। पाँच/सात लाख रुपियाँ त जगेडा पनि छ।

यसलाई व्यावसायिक बनाएर लैजाने अठोट त छ तर यो सफलताका बीच पनि युट्युबरलाई मूलधारको पत्रकारिताले नस्वीकारेको तीतो अनुभव चाहिँ उहाँसँग छ। राजु सुवेदीको जस्तै युट्युबरका आ-आफ्ना कथा-व्यथा छन्। दुःख गरेर यहाँसम्म आइपुग्दा भोगेका पीडाभन्दा मानिसले चिन्दा आनन्द लाग्ने गरेको बताउनुहुन्छ सुनौलो नेपाल टीभी सञ्चालक महाराज शर्मा। गाउँतिर जाँदा पनि चिन्छन्, खुसी लाग्छ भन्दै उहाँ आफ्नो कथा सुनाउनुहुन्छ, २०७३ सालमा दर्ता भयो। दुई वर्ष डट कम चल्यो। गत दुई वर्षदेखि युट्युब चलाउन थाल्यौँ। युट्युबको भने बढी चर्चा भएको छ।

व्यावसायिक भएर काम गर्नेलाई यस क्षेत्रमा समस्या पनि छ। अस्वस्थ प्रतिस्पर्धा छ। 'भ्युज'का लागि जे पनि प्रसारण गरिदिनाले हामीमाथि नै प्रश्न उठेको छ। साना-साना कुरालाई पनि मसला बनाउनाले आकर्षण घट्न थालेको हो कि भन्ने पनि उहाँलाई लागेको छ।

युट्युबर बन्ने रहर धेरैलाई छ। 'पाँच-छ वर्ष दुबईमा बस्दा गजल सङ्ग्रह निकालियो। भूकम्पको बेला दुबईमा कार्यक्रम गरेर प्रधानमन्त्री राहत कोषमा ४४ लाख रुपियाँ पनि दियौँ। त्यतिबेलै कलाकारसँग नजिक भइयो। धुर्मुस-सुन्तलीहरूसँग अन्तर्वार्ता पनि लिइयो। त्यसपछि युट्युबमा आफ्ना कामलाई राख्ने रहर जाग्दाजाग्दै यतै आइयो, महाराजको भनाइ छ।

'हामी पनि विश्वसनीय छौँ। राष्ट्रिय सञ्चारमाध्यमले नउठाएका विषय उठाएका छौँ। हामीले उठाएका कतिपय विषयलाई राष्ट्रिय सञ्चारमाध्यमले पछ्याएका पनि छन्। जस्तो एनसेलको मुद्दा हामीले उठाउँदा जताततै हेरियो।' आफ्नो पेसाप्रतिको व्यावसायिकताबारे शर्माले भन्नुभयो, 'हाम्रो उपस्थितिले टेलिभिजनलाई भने धक्का पुगेको छ। उनीहरूको 'भ्यु' (दर्शक) कम भएको छ। कतिपय टेलिभिजनले युट्युबको शैली पछ्याउन थालेका छन्। स्रोत उल्लेख गरेर कतिपय टेलिभिजनमा हामीले उठाएका विषय प्रसारण पनि भइरहेका छन्।'

'तर युट्युबे भन्दा चित्त दुख्छ।' महाराज भन्नुहुन्छ,

'हाम्रा कमजोरी पनि छन्। सुधार गर्नुपर्छ। हामी युट्युब चलाउने भएकाले युट्युबर हौँ तर कुनै 'इस्यु'मा हामी जाँदा युट्युबे हुन्छौँ। त्यही 'इस्यु' (विषय) राष्ट्रिय टेलिभिजनले प्रसारण गरे चर्चित हुन्छ।'

एपी न्युज यात्रा डट कमका सञ्चालक रोहित भण्डारी भने सबै टेलिभिजन सञ्चालक युट्युबर भएको दाबी गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ, 'जुनसुकै टीभीका मालिक टीभी मात्र देखाउँछु भनेर बसेका छैनन्। समय अनुसार सबैले युट्युबमै आफ्ना सामग्री हाल्न थालेका छन्। अब उनीहरूलाई युट्युबर भन्ने कि नभन्ने ? ठूलाले जे गरे पनि हुने सानालाई गाली गर्ने शैली मिलेन। हामी सबै एउटै हौँ। राम्रा सामग्री हुँदा पनि हेर्ने दृष्टिकोण फरक छ। बिनादर्ता भिडियो राख्नेका कारण बदनाम भइरहेको छ। यसतर्फ राज्यको नियमन आवश्यक छ।'

युट्युब चलाउनेलाई 'डलरे' भनेको सुन्दा भण्डारीलाई खुब रिस उठ्छ। 'जनता सूचनाबाट बेखबर भए भनेर कसैले पनि पत्रिका चलाएका छैनन्। युट्युबलाई माथ खुवाउने गरी मूलधारका टेलिभिजनले पनि आफ्ना सामग्री युट्युबमा हालिरहेका छन्। के तिनीहरूले कर तिरिरहेका छन् त ?'

नेपालमा युट्युबरको सङ्ख्या धेरै छ। तर धेरैजसोको सम्पर्क ठेगाना पनि हुँदैन। युट्युबर भोजराज थापा भने सम्पर्कमा आएर पनि बोल्न चाहनु भएन। उहाँले भन्नुभयो, 'एक वर्ष मात्र भएको छ। धेरै गर्न बाँकी छ। 'सिनियर'हरूसँग कुरा गर्नुस् न।'

क्यानडा नेपाल टीभीका सञ्चालक रौनक निरौलाले औपचारिक रूपमा पत्रकारिताको शिक्षा लिनुभएको छैन। तर निरन्तरको अभ्यासले यसमा छ वर्षदेखि लागिरहनुभएको छ। भन्नुहुन्छ, 'मनोरञ्जनमा आधारित सामग्री युट्युबमा राख्ने गरे पनि केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री हुँदा दिनुभएको भाषण उहाँको च्यानलले नियमितजसो प्रसारण गऱ्यो। लोकप्रिय पनि भयो। त्यस्तै विदेशमा बसेका नेपालीको समस्या बारेको कार्यक्रम पनि प्रख्यात भयो।'

निरौलालाई पनि 'युट्युबे' र 'डलरे' भनेर बोलाइदिँदा चित्त दुख्छ। भन्नुहुन्छ, डलरे भनेर बोलाउँछन्। कमाइ त डलरमा नै हो। युट्युबे पनि हो तर वर्गीकरण नभएकाले यस्तो समस्या भोग्नुपरेको हो।' व्यावसायिक र अव्यावसायिक छुट्टिएपछि यस्तो समस्या भोग्नु नपर्ने आश छ।

### युट्युब वैकल्पिक माध्यम

त्रिभुवन विश्वविद्यालय, समाजशास्त्रका उपप्राध्यापक दीपेश घिमिरे युट्युबर र फेसबुकले कैयौँ समाचार 'ब्रेक' गरेको बताउनुहुन्छ। उहाँका अनुसार वैकल्पिक विधाका मिडियाले अमेरिकामा जर्ज फ्लोयड घटनाको भिडियो राखेपछि बल्ल मूलधारका सञ्चारमाध्यमले पछ्याएका थिए। त्यहाँ गरिब परिवारका बारेमा एक युट्युबले भिडियो राख्यो। त्यो लाखौँले हेरे। उक्त परिवारले दुई लाख डलर सहयोग पायो। नेपालमा यति गहिरिएर युट्युबरले युट्युबमा भिडियो राखेको पाइँदैन। दर्शक जेबाट बढ्छ, त्यस्तै सामग्री राख्ने प्रचलनको होड चलेको छ।

हामीले जसलाई आम सञ्चारमाध्यम भन्छौँ, तिनीहरूले कल्याणकारी सामग्रीमा धेरै चासो दिएनन्। उदाहरणका लागि कुनै हराएको बच्चा भेटियो भने

'बच्चा भेटियो' भन्ने बाहेक अरू भित्री तहका समाचार त्यस्ता सञ्चारमाध्यमले बनाउँदैनन्। युट्युबरले चलचित्रको शैलीमा सबै कथाव्यथा देखाउँछन्। अर्को कुरा कुनै पनि जनचासोका विषय सञ्चारमाध्यममा आएपछि त्यसलाई पछ्याउने काम मूलधारका सञ्चारमाध्यमले गर्दैनन्। एकपटक देखायो, सकियो तर भित्री तहमा पुग्ने काम युट्युबले गर्दै आएको छ। यसर्थ यसलाई बन्द नगरी व्यवस्थित गर्न सुझाव दिनुहुन्छ उपप्राध्यापक घिमिरे।

युट्युबलाई कसरी व्यवस्थित गर्ने भनेर सरकारले कुनै मापदण्ड बनाउन सकेको छैन। बन्द गर्ने वा चल्न दिने भन्ने मात्र बहस चल्छ। युट्युबे भनेर एक वर्गले हेपे पनि कतिपय अवस्थामा सर्वसाधारणले उनीहरूको प्रशंसा गरिरहेको पाइन्छ। त्यसैले युट्युब अत्यावश्यक छ। यसलाई जिम्मेवार बनाउन जरुरी नै छ। वर्ग छुट्याउनु पऱ्यो। मनोरञ्जनात्मक हो कि समाचार हो ? ठूला मिडियाले पत्रकारलाई जागिरबाट निकाल्दा युट्युब चलाइरहेका अनलाइनले तिनीहरूलाई जागिर दिँदै गएको अवस्था पनि छ। यसबाट स्पष्ट हुन्छ कि यो विधा फस्टाइरहेको छ।

नेपालमा पाठक/दर्शकले कुन सूचना कहाँबाट लिने भन्ने ठम्याउन पनि सकेका छैनन्। जस्तो कि कोरोना भाइरसबारे विज्ञ चिकित्सकभन्दा फेसबुक र युट्युबमा लेख्नेको भर परेको पनि देखिन्छ। यसले हानि नै गर्छ। ब्लग र गुगलका भरमा लेख्नेहरू विज्ञ भएका छन्। युट्युबरले पनि त्यस्तैलाई विज्ञ बनाइदिन्छन्। यसबारे पाठक र दर्शक सचेत हुनुपर्ने सुझाव उहाँले दिनुभयो।

### व्यवस्थित गर्ने तयारी

युट्युबको प्रभावकारिता विश्वमै लुकेको छैन तर कहिलेकाहीँ यसले बाटो बिराउँदा ठूलो दुर्घटना नहोला पनि भन्न सकिन्न। विदेशमा यसबारे बलियो आचारसंहिता र परिधि तोकिएको छ। नेपालमा भने नियमन गर्ने निकाय कमजोर छ। त्यसैले यो पेसालाई पनि आचारसंहिताले बाँधेर मर्यादित र कर्तव्यपरायण बनाउनुपर्ने अनलाइन टेलिभिजन पत्रकार सङ्घका अध्यक्ष जीवन भण्डारीको सुझाव छ।

युट्युबले समाजमा कुनै हानि नगरोस्। यसले आफ्नो भूमिका सही तरिकाले निर्वाह गरोस् भनेर अनलाइन टेलिभिजन पत्रकार सङ्घ नै गठन भएको बताउँदै उहाँले भन्नुभयो, 'यसलाई मर्यादित बनाउनु हामी सबैको दायित्व हो। हाम्रो उद्देश्य पनि यो क्षेत्रलाई शुद्धीकरण र सुदृढीकरण गर्नु नै हो।'

सङ्घले स्वनियमन निर्देशिका बनाइरहेको जानकारी पनि अध्यक्ष भण्डारीले दिनुभयो। मर्यादापालन गर्नेलाई मात्र सदस्यता दिने नीतिसहितको सदस्यता मापदण्ड बनाएको बताउँदै उहाँले भन्नुभयो, 'लोकप्रिय को छ भन्नुभन्दा पनि गुणस्तरीय को छ भन्नेमा लागेका छौँ। राम्रो काममा लाग्नेलाई समेट्ने हो। सुध्रिन खोज्नेलाई सघाउने हो।'

'सामग्री राम्रो नराम्रो के हो भनी दर्शक, श्रोताले पनि छुट्ट्याउनु पर्छ। जे पायो त्यही सामग्री पस्कनेलाई 'फलो' गर्नु, हेर्नु पनि जिम्मेवार दर्शकको परिचय होइन', भण्डारी भन्नुहुन्छ, 'राम्रो गर्नेलाई प्रोत्साहित गर्नुपर्छ। जे पायो त्यही गर्नेलाई प्रोत्साहित गर्ने दर्शक पनि दोषी हुन्। 'भ्युज'का पछाडिभन्दा जिम्मेवारीका पछाडि लाग्नुपऱ्यो। जिम्मेवार हुनेहरू मूलका पानी हुन् भने अतिरञ्जित गर्नेहरू भेलका पानी हुन्', अध्यक्ष भण्डारीको भन्नुभयो, 'यस क्षेत्रमा कास्तो मान्छे आएका छन् भनेर पनि सङ्घले अनुसन्धान गरिरहेको छ।'

प्रेस काउन्सिल नेपालले पनि अनुगमन गर्नुपर्नेमा जोड दिँदै उहाँ भन्नुहुन्छ, 'दर्ता गरेमा अनुगमन हुने र दर्ता नभएमा अनुगमन नहुने भन्ने होइन। 'न्यु मिडियाको वेभ' फरक भएकाले इलेक्ट्रोनिक शैलीबाटै अनुगमन गर्नुपऱ्यो। दर्ता जहाँसुकै गर्नुहोस् तर राज्यका नियम कानुन भने पालना हुनुपऱ्यो। अर्को, अनलाइनमा युट्युबलाई मात्र समेट्न खोजिएको छ। युट्युबजस्तै थुप्रै प्लेटफर्म छन्, तिनीहरूलाई पनि समेट्नु जरुरी छ। फेसबुकबाट समाचार राख्नेहरू पनि छन्। तिनीहरूको पनि अनुगमन हुनुपऱ्यो। यसलाई जिम्मेवार र व्यवस्थित गर्ने काम सरकारले गर्नुपर्छ।'

आमसञ्चारमाध्यमको अनुगमन गर्ने निकाय प्रेस काउन्सिल नेपाल पनि युट्युबलाई कसरी व्यवस्थित गर्ने भन्नेमा अलमलमा छ। युट्युबको अहिलेसम्म दर्ता र अनुगमन कतैबाट भएको छैन। नेपाल पत्रकार महासङ्घका पूर्व उपाध्यक्ष एवं प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकी युट्युबरहरू पत्रकारको परिभाषाभित्र नपर्ने बताउनुहुन्छ। समाजमा बेथिति बढाउने किसिमले उनीहरू अगाडि बढेको भन्दै उहाँले भन्नुभयो, 'उनीहरूले अराजकता मच्चाउने, व्यक्तिको निजी जीवनमाथि छिर्ने, पारिवारिक भाँडभैलो मच्चाउने काम गरिरहेका छन्। पत्रकारको ज्याकेट लगाएर र पास बनाएर हिँडेका छन्। कतिपय त कारबाहीमा परिसकेका छन्।'

युट्युबरलाई कसरी समेट्न सकिन्छ त भन्ने प्रश्नमा बुढाथोकी भन्नुहुन्छ, 'नियन्त्रण र नियमनको कानुन नबनेकाले यिनीहरूलाई अराजकता मच्चाउने छुट भएको हो। जो पत्रकारिताको परिभाषाभित्र परेका छन् उनीहरूले युट्युबमा राखेको भिडियोलाई हेर्ने काम प्रेस काउन्सिलले गरेको छ तर कहीँ दर्तै हुन नपर्ने र समाजमा हुर्मत लिने काम गर्नेलाई के भन्ने। यिनीहरूलाई नियमन गर्नका लागि सरकारले नियमनकारी भूमिका दिनुपऱ्यो नि।'

काउन्सिलका निवर्तमान अध्यक्ष किशोर श्रेष्ठ यसका लागि काउन्सिलले सरकारलाई दुईवटा विकल्प दिएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'दर्ता कहाँ गर्ने त ? यसको डोमेन त नेपालमा छैन, अमेरिकामा छ। या त प्रेस काउन्सिललाई दर्ता गर्ने र अनुगमन गर्ने अधिकार दिइयोस् या स्वतन्त्र संयन्त्र बनाएर सरकारले नै गरोस् भनेका छौँ। सरकारले गर्दा सीधै सरकारले नियन्त्रण गऱ्या जस्तो देखिन्छ। सरकारले हात हाल्ने कुरा नहोला। त्यसैले एउटा संयन्त्र बन्नु जरुरी छ। त्यो बन्ने बाटो देखाइदेउ भनेका छौँ।'

'युट्युब नयाँ चुनौतीका रूपमा आएको छ। कोरोना सङ्क्रमण नफैलियोस् भनेर गरिएको बन्दाबन्दीको बेला त झन् जथाभावी फुक्न थाले यिनले। मान्छेमा त्रास फैलाउने र भए- नभएको कुरा गरे। सुरुसुरुमा बागलुङमा तीन जना कोरोनाका सङ्क्रमित भेटिए भनेर आयो नि ! सब आतङ्कित भएर बागलुङतिरबाट भागाभाग भयो। यस्ता घटना धेरै छन्। त्यसैले सरकारलाई पत्र लेखेर नै नियमन गर्न भनेका थियौ तर त्यो काम अघि बढ्न सकेको छैन', श्रेष्ठले भन्नुभयो।

### आम्दानी बैंक्त खातामा

नेपाल राष्ट्र बैङ्कले युट्युब, फेसबुकलगायत सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट हुने आम्दानी अब सम्बन्धित व्यक्तिको बैंङ्क खातामा प्राप्त गर्न सकिने व्यवस्था हालै गरेको छ। अनलाइन माध्यम वा सफ्टवेयरसम्बन्धी कामबाट प्राप्त हुने कमाइलाई वैधानिक माध्यममार्फत भित्र्याउने प्रयासस्वरूप राष्ट्र बैङ्कले यस्तो व्यवस्था गरेको जनाएको छ।

राष्ट्र बैङ्कले सूचना जारी गर्दै अबदेखि हरेक किसिमका प्रविधिको प्रयोगमार्फत आउने तथा खुद्रास्तरको अन्तर्राष्ट्रिय व्यावसायिक र व्यापारिक कारोबारबापत प्राप्त हुने रकम लगायतका सबै रकम यसअन्तर्गत पर्ने जनाएको छ। यसबाट विदेशी मुद्रा प्राप्त भएपश्चात् भुक्तानी सेवा प्रदायक (बैङ्क तथा वित्तीय संस्थासमेत)ले सञ्चालन गरेको ग्राहकको वालेटलगायत भुक्तानीका उपकरणमा तोकिएको सीमासम्मको रकम स्वदेशी मुद्रामा नै रकमान्तर गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ। यसबाट स्रोत देखाएर आयकर काट्ने गरी दायरामा ल्याउन सजिलो भएको छ।

## डा. के.सी. को समर्थनमा युथ कांग्रेस



***बिराटनगर (प्रस) ।*** चिकित्सा शिक्षामा सुधारका लागि १९ औं पटक अनशनरत डा. गोविन्द के.सी को समर्थनमा प्रदेश नं. १ युथ कांग्रेसका युवाहरुले शान्तिपुर्ण प्रदर्शन गरेका छन् ।

शनिबार युवाहरुले विराटनगरको ट्राफिक चौकमा १ सय मिनेटसम्म शान्तिपूर्ण प्रदर्शन गरेका हुन् । चिकित्सा शिक्षामा सुधारका लागि अनशनरत डा. के.सीका मागहरु सम्बोधन हुनुपर्ने युवाहरुको भनाई छ । प्रतिष्ठानमा एम.बी.बी.एस. लगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने, गेटा मेडिकल कलेज र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठनपाठन सुरु गरिनुपर्ने, प्रदेश २, गण्डकी प्रदेश तथा डोटी, डडेलधुरा, उदयपुर, ईलाम र पाँचथरमा सरकारी मेडिकल कलेज तथा अस्पताल सञ्चालनको लागि प्रक्रिया अघि बढाउनुपर्ने र २०७५ साउन १० गते भएको सम्झौता कार्यान्वयन हुनुपर्ने डा.के.सी. का प्रमुख मागहरु हुन् । भदौ २९ देखि जुम्लामा अनशनरत डा. के.सी.को सम्पूर्ण मागहरु जायज भएको भन्दै युवाहरुले सरकारलाई वार्ता समिति गठन गरी छलफल गर्न सुझाव समेत दिएका छन् ।

पछिल्लो समय डा. के.सी. को समर्थनमा देशैभरि विभिन्न ठाउँहरुमा प्रदर्शन भईरहेका छन् । शनिबार विराटनगको ट्राफिक चौकमा भएको शान्तिपूर्ण प्रदर्शनको क्रममा भने प्रहरीले हस्तक्षेप गरेको थियो । डा. के.सी. को समर्थनमा एक साङ्केतिक नाटक देखाउने क्रममा प्रहरीले हस्तक्षेप गरेर युवाहरुको मनोबल गिराउने प्रयास गरेको युथ कांग्रेस नेपालका मोरङ जिल्ला संयोजक अभिषेक भट्टराईले बताए । डा. के.सी. ले राखेका जायज मागहरु पुरा नभए आगामी चरणमा प्रदेश नं. १ बाट रिले अनशनको सुरुवात गरिने युथ कांग्रेस नेपालका प्रदेश नं. १ संयोजक सबिन दाहालको भनाई छ ।

## धिमाल जातीय विकास केन्द्रमा नयाँ नेतृत्व



***दमक (प्रस) ।*** धिमाल जातीय विकास केन्द्र झापाको छैठौं अधिवेशन सम्पन्न भएको छ ।

दमक नगर नगरपालिका वडा न.४ अडियामहलमा नेत्रकुमारी धिमालको अध्यक्षतामा सम्पन्न अधिबेशनले बमबहादुर धिमालको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ ।जसको उपाध्यक्षहरुमा मनबहादुर धिमाल, दयाराम धिमाल,सचिव मणिराज धिमाल ,सहसचिव उमादेवी धिमाल र कोषाध्यक्षमा अम्बरबहादुर धिमाल रहेका छन् । त्यस्तै सदस्यमा रबुकुमार धिमाल, दिपेश धिमाल, राधिका (रनमाया)धिमाल, मीना धिमाल, नेत्रकुमारी धिमाल ,डम्बरबहादुर धिमाल, कुमारी धिमाल, पुजारी धिमाल र मनितलाल धिमाल रहेका छन् ।

## हुलाकी सडकमा खाल्डाखुल्डीले आवतजावतमा सास्ती



***भद्रपुर (प्रस) ।*** हुलाकी सडकको भद्रपुर–जलथल सडकखण्डको निर्माण कमसल भएकै कारण सडकमा खाल्डाखुल्डी पर्दा आवतजावतमा स्थानीयले सास्ती व्यहोर्नु परेको छ ।

निर्माण ठेकेदारको भरमा सडक निर्माण छोडिदिँदा निर्माण गरिएको एक वर्ष नपुग्दै खाल्डो परेपछि स्थानीयले सास्ती व्यहोर्नु परेको हो । हल्दिवारी ४ स्थित बडावारी चौक पूर्वपट्टि रहेको कल्भर्ट छेउमा तीन महिनायता परेको खाल्डोका कारण सडक आवतजावतमा निकै कठिनाइ परिरहेको स्थानीय बासिन्दाको गुनासो छ ।

स्थानीयले आवतजावतमा समस्या आएपछि वडा कार्यालयमा दुखेसो पोखेको भएपनि खाल्डो ज्यूँकात्यू रहेको छ ।

वडाबासीको दुखेसोबारे वडाध्यक्ष होमप्रसाद चुँडाल सडक निर्माण ठेकेदारलाई अविलम्ब खाल्डो पुर्न जानकारी गराइसकेको भन्दै एक–दुई दिनभित्र समस्या हल हुने बताउँछन् । सोही सडक हुँदै गाउँपालिका कार्यालयतिर जाँदै गरेका गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले हुलाकी सडक परियोजनाको काम गुणस्तरहीन भएकै कारण समस्या आएको बताए । उनले खाल्डोका कारण गाउँबासीले दुःख पाउनु नहुने भन्दै तुरून्तै सडक मर्मत गर्न निर्माण ठेकेदारलाई निर्देशन दिइसकेको जानकारी दिए । भद्रपुरको झापा चौकदेखि जलथलसम्म गत वर्ष नै कालोपत्रे गरेको हुलाकी सडक निर्माण ठेकेदारले दर्जनबढी स्थानमा कल्भर्ट र पुल आसपास छोडेका टुक्राटाक्री दुर्घटनाको कारण बन्ने गरेका छन् ।

## त्रुटी सच्याउन गौरीगञ्ज गाउँपालिकाको विशेष गाउँसभा

***गौरिगञ्ज (प्रस) ।*** चौथो र छैठौ गाउँसभामा आफैंले गरेको निर्णयले उपभोक्ता समितिलाई ५ लाख भन्दाबढीको योजना दिन रोकेपछि नीतिगत त्रुटी सच्याउन गौरीगञ्ज गाउँपालिकाले सातौ विशेष गाउँसभा सम्पन्न गरेको छ ।




४९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँसम्मको योजना उपभोक्ता समितिमार्फत सम्पन्न गर्ने, गौरीगञ्ज क्याम्पस सञ्चालनार्थ ५ लाख र सडक मर्मत सम्भारका लागि ५ लाख रुपैयाँ बिनियोजन गर्ने लगायतका प्रस्तावहरु पारित गर्दै सातौ गाउँसभा सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत राजु दाहालले बताए । यद्यपि सभाको अन्तिम घडीमा आएर केही वडा सदस्यहरुले सभा बहिस्कार गरेका थिए ।

अघिल्लो गाउँसभामा ५ लाखसम्मको मात्र योजनाहरु उपभोक्ता समितिलाई दिने निर्णय भएकोमा अचानक ५० लाखसम्मको योजना उपभोक्ता समितिलाई दिनुको औचित्य स्पष्ट पार्नु पर्ने, कोभिड १९ रोकथामका लागि गरिएको खर्चको सम्पूर्ण विवरण सार्वजनिक गर्नु पर्ने, नदी तटबन्धलगायतका विपद् व्यवस्थापनका लागि छलफल गर्न गाउँसभा केही दिन लम्ब्याउनु पर्नेलगायतका माग राखेकोमा सम्बोधन नभएपछि आफूहरु सभा बहिस्कार गरी बाहिरिएको एक वडा सदस्यले बताए । बहिस्कार गरेर सभाहलबाट बाहिरिएपछि पनि उपस्थिति खातामा आफूहरुले गरेको हस्ताक्षरलाई आधार मानेर अध्यक्ष र वडाध्यक्षहरुले जबरजस्ती प्रस्ताव पारित गरेको आरोप उनीहरुले लगाएका छन् । उद्घाटन सत्रमा बोल्दै वडा सदस्य उदिम राईले सभा बस्नु एक हप्ता दिनअगावै छलफलमा लगिने प्रस्ताव तथा योजनाहरु सदस्यहरुलाई बाँडिनु पर्नेमा ऐन नियम विपरित गाउँसभा डाकिएको आरोप लगाए । शाखा अधिकृत वीरेन्द्र खड्काले कर्मचारी र जनप्रतिनिधिहरुबीच एक आपसमा सहकार्य नभइ कुनै पनि स्थानीय तह सफल हुन नसक्ने बताएका थिए । वडाध्यक्ष कार्तिकलाल राजवंशी र मखना महतोले अघिल्ला गाउँसभाहरुमा छलफल भएको बिषय र प्रस्ताव समेत निर्णय पुस्तिकामा नलेखिने गरेको आरोप लगाएका थिए । उद्घाटन सत्र समापन गर्दै गाउँपालिका अध्यक्ष बाबुराजा श्रेष्ठले कतिपय छलफलका विषयहरु निर्णय पुस्तिकामा लेख्न कानुनले छेक्ने गरेकाले त्यस्ता प्रस्तावहरु निर्णय पुस्तिकामा छुटेको हुन सक्ने बताए । शाखा अधिकृत नारायण चँदाराले सहजीकरण गरेको उद्घाटन सत्रमा उपाध्यक्ष दिपिन्द्र थापाले स्वागत मन्तब्य राखेका थिए भने महिला सदस्यहरुका तर्फबाट वडा सदस्य रीता तामाङले शुभकामना मन्तब्य राखेका थिए ।

## आइसिडी हल्दीबारीको अध्यक्षमा खतिवडा मनोनित




***हल्दिबारी (प्रस) ।*** झापाका युवा अभियन्ता अबिशेक खतिवडा आइसिडी मार्क्सवाद अध्ययन केन्द्र हल्दीबारीको अध्यक्षमा मनोनित भएका छन् । मार्क्सवाद अध्ययन केन्द्र झापा जिल्ला कमिटीले खतिवडालाई हल्दीबारी अध्यक्षमा मनोनयन गरेको हो । जसको उपाध्यक्षमा भावना पुरी , सचिवमा बिजय राई ,सहसचिवमा अनुषा भण्डारी ,कोषाध्यक्षमा सबिन कार्की रहेका छन् । त्यस्तै सदस्यहरुमा विवेक पुरी ,देव अधिकारी ,विवेक खतिवडा ,स्वस्तिका राउत , केदार बन र सोमराज गिरी रहेको आइसिडी हल्दीबारी गाउँपालिका इन्चार्ज बलराम गिरीले जानकारी दिएका छन् । विद्यार्थीलाई मार्क्सवादको बिषयमा बुझाउन गठन भएको समिति केन्द्र ,जिल्ला ,प्रदेश ,क्षेत्र हुँदै विभिन्न पालिकामा विस्तार भइरहेको छ ।

मार्क्सवाद धारमा रहेर विद्यार्थीलाई अध्ययनका लागि सहयोग गर्न क्रियाशील राख्ने उद्धेश्यले स्थापना भएको यो संस्थाले ७७ जिल्लामा आफ्नो शाखा बिस्तार गर्ने क्रममा झापा हल्दिबारीमा पनि समिति गठन गरेको हो । मनोनित भएका अध्यक्ष खतिवडाले आफूलाई यस जिम्मेवारी दिएकोमा अग्रज नेताहलाई धन्यवाद दिएका छन् । उनले आइसिडीलाई स्थानीयस्तरबाटै समाज परिवर्तन गर्ने अभियानलाई जिल्लाभरि प्रचारप्रसार गर्न आफू सधै तल्लिन रहने बताए ।

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, झापा**
**प्रदेश नं १ नेपाल ।**

## बिर्तामोड नगरपालिकाको अनुरोध

**आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु...**

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई बिदितै छ । यस बिषम परिस्थितिमा पनि नगरपलिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ। कोभिड १९ को प्रकोपको न्यूनिकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन् । जसका कारण बिर्तामोड अरु पीलकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ । नगरले कोरोना प्रभाबितहरुका लागि क्वारेन्टाइन, आइसोलेसन र होम आइसोलेसनका प्रवन्ध गरेको छ ।

यतिबेला मुलुकका मुख्य सहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन् । यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन । स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन् । तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन ।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन । खासगरी बिर्तामोड एउटा ब्याबसायिक क्षेत्र भएका कारण आफ्नो पसल, ब्यबसाय र उद्योग संचालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ । अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ ।

**तसर्थ,**

-अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं
-माक्सको अनिबार्य प्रयोग गरौं, हात सफा राखौं
-टोल, समाज सफा राखौं, जथाभाबी फोहर मैला नगरौं
-नजिकिरहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं
-आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सर संगत नगरौं
-गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो ब्यबहार नगरौं
-कहीँ कतै संक्रमणको जोखिम देखिएमा तत्कालै स्वास्थ्यकर्मीलाई सूचना दिऔं ।
-आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**ध्रुबकुमार शिवाकोटी**
**नगरप्रमुख**
**बिर्तामोड नगरपालिका, बिर्तामोड** (झापा)

प्रतिदिन

## वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिशेक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा |
|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ |

## राशिफल

**मेष** : आज महत्वपूर्ण कामको थालनी हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।
**वृष** : आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । सानो तिना समस्यामा अल्झिनुपर्नेछ ।
**मिथुन** : धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।
**कर्कट** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथीको आगमन हुनेछ ।
**सिंह** : आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोवारमा सफलता पाइएला ।
**कन्या** : आज भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।
**तुला** : धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।
**वृश्चिक** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।
**धनु** : आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।
**मकर** : : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रुची बढ्नेछ ।
**कुम्भ** : आज रोकिएका आधुरा काम पुनः सुचारु हुनसक्छ । शुभ र मंगल कार्यको चर्चा चल्नेछ ।
**मीन** : आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । सहकर्मीबाट विरोध आउला ।